जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

जय बाबा जलेश्वरनाथ महादेव





जलेश्वरटुडे रा.दैनिक र अनलाइन

बर्ष १२ • अंक २८५ • २०८२ श्रावण १९ गते सोमवार • 4 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-


# परिवारसँगै सन्तानको पढाई खर्च पनि जुटाउँदै शिला

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ श्रावण**

सधैं घरायसी काम धन्दामा मात्र सीमित रहने महिला व्यवसाय गरेर आत्मनिर्भर बन्दै गएका छन् । दुई चार पैसाका लागि पनि परनिर्भर रहँदै आएका धनुषाको शहीदनगर नगरपालिकाका महिला हिजोआज विभिन्न व्यवसाय सम्बन्धी तालिम लिएर स्वालबम्वी बन्दै गएका हुन् । किराना पसल, अण्डा पसल, बंगुर पालन लगायतका विभिन्न व्यवसायले आत्मनिर्भर बनाएको छ ।

दाम पनि हुने र फुर्सदको समय सदुपयोग हुने भएपछि उनीहरुले किराना पसल, अण्डा पसल, बंगुर पालन जस्ता पेशा अंगालेका छन् । यस व्यवसायमा फुर्सदिला, अन्य व्यवसाय, शिक्षण संस्थामा कमै आबद्ध भएका महिला संलग्न छन् । विगत तीन वर्षदेखि शहीदनगर नगरपालिकाको यदुकोहा बजारमा किराना पसल सञ्चालन गर्दै आएकी शिला देवीले यस व्यवसायबाट राम्रो कमाइ गर्न सफल भएकी हुन् । उनी यदुकोहा चोकमै किराना पसल थापेर दैनिक १५ सयदेखि दुई हजारसम्म



आम्दानी गर्दै आएकी छन् ।

श्रीमान विल्टु महतो शारिरीक रुपले अपांग रहेका शिलाले हुनतः सुरुदेखि नै व्यवसायमै निर्भर रहँदै आएकी हुन् । उनको व्यवसायलाई बिस्तार गर्न सामूदायिक सशक्तिकरण तथा विकासका लागि स्थानीय प्रयास परियोजना सहयोगी भूमिका निर्वाह गरेको छ । लुथरन वर्ल्ड फेडरेशन ( एलडब्लुएफ) को आर्थिक तथा प्राविधिक सहयोगमा आसमान नेपालले संचालन गरेको उक्त परियोजना अन्तर्गत शहीदनगर नगरपालिका-३ कि शिलालाई एकमुष्ठ १५ हजार रुपैयाँ आर्थिक सहयोग गरेर व्यवसाय बिस्तार गर्न सहयोग गरेका थिए । घरमै सानो पसल थापेर छाक टार्ने जोहो गर्दै आएकी शिलालाई आसमान नेपालले गरेको सहयोगले पूँजी मात्रै बढेको छैन् कारोबार पनि सोही अनुसार वृद्धि भएको हो । पाँच जनाको परिवार चलाउन शिलालाई अरुको मुख ताक्नुपरेको छैन् । पसलको आम्दानीले सहज तरिकारले परिवार चलाउन पाएको छु, शिलाले भनिन्-श्रीमानसहित दुई छोरा र छोरीको पढाई खर्च पनि पसलकै आम्दानीले धानेको छ । जेठो छोरा अमित महतो १२ को पढाइ गरिरहेको छ भने भने कान्छो छोरा अजित महतो कक्षा ९ र छोरी दीपिका महतो कक्षा ७ मा पढ्दै छिन् । घरमा पसल संचालन गर्दा विक्रि सीमित रहेको सुनाउँदै उनले चोकमा ल्याउँदा व्यापार बृद्धि भएको स्वीकार गरिन् । शुरुमा रु १० हजारबाट व्यवसाय थालेकी शिलाको पसलमा अहिले दिनहुँ थ्रुपै ग्राहकको भीड लाग्ने गर्दछ । शिला भन्छिन्, “यस व्यवसायले आफूलाई काम पनि पुग्ने र आयआर्जन पनि बढाएको छ ।”

यही व्यवसायबाट मासिक रुपमा रु २० हजारभन्दा बढी आम्दानी हुने गरेको उनको कथन छ । उनी लगनका साथ व्यवसायलाई अगाडि बढाएकाले सानो पसलबाट पनि परिवार चलाउनका साथै सन्तानलाई पढाउन सकेको आसमान नेपालका कार्यक्रम व्यवस्थापक बिजयकुमार यादवले बताए । यस व्यवसायबाट दाम मात्र नभई फुर्सदको समय सदुपयोग पनि भएको शिलाको भनाई छ । हातमा सीप भयो भने महिलालाई परनिर्भरमा सीमित रहन नपर्ने उनको भनाइ छ । उनले भनिन् “पढेर पनि जागिर पाइँदैन, हातमा सीप भयो भने त आत्मनिर्भर बन्न सकिने रहेछ ।” “व्यवसाय थालेको तीन वर्ष भयो कमाइ पनि राम्रै छ” उनले भनिन । दैनिकरुपमा राम्रो कमाइ गर्नसक्ने भएपछि उनले आम्दानीको स्रोत बढाउँदै गएका छन् ।

उनीसँगै ती पालिकाका अन्य महिलाहरुले पनि विभिन्न पसलहरु संचालनमा ल्याएर आत्मनिर्भर बनेकी छन् । अपांगता भएका नागरिकलाई आत्मनिर्भर बनाउने उद्येश्यले संचालन गरिएको उक्त परियोजनाले शहीदनगर नगरपालिकाका ९ वटै वडाका यस्ता नागरिकहरुलाई व्यवसाय संचालन गर्न आर्थिक सहयोग गरेको आसमान नेपालका कार्यक्रम व्यवस्थापक यादवले बताए ।

# सीमान्तकृत समुदायद्वारा स्थानीय तहको नीतिमा प्रतिनिधित्व बढाउन मांग

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १८ श्रावण**

सीमान्तकृत समुदायको प्रतिनिधित्व संविधानले सुनिश्चित गरे पनि स्थानीय तहको नीतिमा सीमान्तकृत समुदायको प्रतिनिधित्व विहिनता अझै देखिएकोले उनीहरूको प्रतिनिधित्व बढाउन मांग गरिएको छ ।

जिल्लाको मटिहानी नगरपालिकामा आयोजना गरिएको एक कार्यक्रममा अधिकांश वक्ताहरूले संविधानले सीमान्तकृत समुदायको बजेट विनियोजनसहित विभिन्न क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गरे पनि व्यवहारमा भने त्यस्तो नदेखिएको बताएका छन् । वक्ताहरूले स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट



निर्माणमा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्न सबै सरोकारबाला निकायहरूले पहल गर्नुपर्नेमा जोड दिएका छन् ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले सीमान्तकृत समुदायलाई प्रतिनिधित्वविहिन बनाउने प्रवृत्ति अन्त्य गर्न हामीले व्यवहारमै समावेशिता देखाउनुपर्नेमा जोड दिनुहुदै हाम्रो नगरपालिका सबै समुदायलाई समेटने दिशामा अग्रसर रहेको दावी गर्नुभयो ।

स्थानीयतहमा नीति निर्माण गर्दा सबै वर्गको आवाज सुन्ने र समेटने प्रणाली विकास गर्न आवश्यक रहेको बताउनुहुदै उहाँले भन्नुभयो, ‘नीति निर्माण गर्दा तथ्य, समावेशिता र न्यायलाई प्राथमिकता दिनुपर्छ ।’

# वर्षासँगै मधेश प्रदेशका किसान धान रोपाइँमा जुटे

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ श्रावण**

धेरै दिनको प्रतिक्षापछि सुरु भएको वर्षासँगै मधेश प्रदेशका किसान धान रोपाइँमा जुटेका छन् । लामो समयको खडेरीले सुक्खा भएको खेतमा हिल्याउन पुग्ने वर्षा भएपछि किसान धान रोपाइँमा जुटेका हुन् । पछिल्लो शुक्रबारदेखि दिनहुँ प्रदेशका सबैजसो स्थानमा वर्षा भइरहेको छ ।

धनुषाको मिथिला नगरपालिका-३, हरिहरपुरका किसान मनोज महतोले लामो खडेरीपछि आएको वर्षाले खेतीमा ज्यान फर्काएको बताउनुभयो । उहाँका अनुसार जेठ र असार महिनामा पर्याप्त वर्षा नभएकाले धान रोपाइँमा गम्भीर असर



परेको थियो । उहाँले भन्नुभयो, ‘कसैले डिप बोरिङको सहायताले रोपाइँ गरेको भएपनि चर्को घामका कारण बिरुवा सुक्न थालेका थिए। तर हालको वर्षाले बालीलाई नयाँ जीवन दिएको छ ।’ महतोका अनुसार पछिल्लो वर्षा किसान र धानबालीका लागि अमृत समान बनेको छ । सिँचाइ अभावमा रोपिएको बाली सुक्ने अवस्था पुगेको थियो भने त्यससँगै किसानको मिहिनेत खेर जाने अवस्था आइपुगेको थियो । अहिलेको वर्षाले सबथोक बचाएको किसान महतोको भनाइ छ । ढल्केबरका अर्का कृषक रामएकवाल यादवले वर्षाले किसान उत्साहित देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, ‘जेठको पहिलो सातापछि वर्षा नहुँदा रोपाइँ रोकिएको मात्र होइन रोपिएको धान पनि सुक्न थालेको थियो।’ उहाँका अनुसार वर्षासँगै किसान धान रोपाइँमा व्यस्त भएका छन् । वर्षा नहुँदा मधेश प्रदेशमा धान रोपाइँ प्रभावित हुने अवस्था देखेपछि प्रदेश सरकारले मधेशलाई सुक्खा ग्रस्त क्षेत्र घोषणा गरेको थियो भने सङ्घीय सरकारले तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्रको रूपमा सूचीकृत गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. उमेश दाहालका अनुसार पछिल्ला दिनमा मधेशका सबै जिल्लामा वर्षा भएको छ ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme





33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X






Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.




# जलेश्वरनाथ महादेवको ईतिहास

कुनै व्यक्तिले नभई स्वयम् अनादी शक्ति स्वयम्भूका रुपमा रहेको पश्चिम भागमा अर्ध चन्द्रकार चिह्न अङ्कित यस लिङ्गमा सर्व सिद्धि प्रदान गर्ने शक्ति रहेको छ। त्यसैले विभिन्न धार्मिक ग्रन्थमा श्लोक लेखिएको छ छु जलेश्वरो महालिङ्ग रुद्रेण स्थापितः स्वयमू ।

जलेश्वरनाथ महादेव मन्दिरमा दुई भुजा सहित बीचमा केही उठेको भाग छ। मन्दिरको मध्यवर्ती भागतिर १६ सिढीमुनि एउटा चतुष्कोण आकारको जलकुण्डमा शिवलिङ्ग रहेको छ। जलकुण्डमा रहेको यिनै शिजवीलाई जलेश्वरनाथ अर्थात् जलेश्वर महादेवको नामबाट पुकारिन्छ। अति प्राचीन श्री जलेश्वरनाथ महादेवको सु सञ्चालनको लागि विसं १८६९ तिर श्री पाँच गिर्वाण युद्ध विक्रम साहको शासनकालमा नित्य पूजाआजा चलाउन जलेश्वर महादेव प्रिति गरी विभिन्न ठाउँका मौजेहरु वहेडा जव्दी, बजराही, कञ्चनपुर, जलेश्वर, डाम्ही महेशपुर र महादेवपटटी (साविकको गाविस) (२७५ बिगाहा जग्गा) तत्कालीन पुजारी महन्थलाई लालमोहर ताम्रपत्र दिइयो ।

हाल भने मन्दिर बाहेकको कुनै सम्पत्ति मन्दिरसँग नभएको गुठी संस्थान महोत्तरी जलेश्वरले बताउँछन् । ताम्रपत्र भने पहिलो प्रमाणको रुपमा मन्दिरको लागि अमूल्य छ । पोखरीको इतिहास हेर्दा वरुण सर (महादेव पूजाको लागि) सहस्त्र कमलको पुष्प भएको पोखरी, पुरन्द सर (महादेव दर्शन पूर्व हात खट्टा धुने गार धोई पोखरीको नामले प्रचलित), पूर्णि सर (महादेवलाई भोगराजको लागि मखानको पोखरी), महन्थ पोखरी (पुजारी महन्थको बास स्थानमा प्रयोग हुने पोखरी) अझै यथावत रहे पनि सो को भोगचलन भने जलेश्वर नगरपालिकाले गर्दै आएको छ। मन्दिर लाई सौन्दर्यीकरण गरी विश्व सम्पदा सूचीमै पार्न सकिने भए पनि सरोकारवाला निकाय र स्थानीयले समेत चासो दिन नसकेको आरोप छ । जलेश्वर नगरपालिकाले मन्दिरको पोखरी, परिसर र छेउछाउमा फोहर गर्नेलाई नियन्त्रित गर्न सकेको छैन भने थुपारिएको फोहरलाई समेत व्यवस्थित गर्न अटेर गर्दा समस्या थपिँदै गएको फोटो पत्रकारिता गरिसकेका समाजसेवी विश्वनाथ साहको भनाइ छ । त्यस्तै जिल्ला विकास समिति, गुठी संस्थान तथा स्थानीयले समेत मन्दिरलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न ठोस कदम उठाउन सकेका छैनन् ।

मन्दिरभित्रको जलगुफामा १२ देखि १५ फिट जलभित्र शिवलिङ्ग स्थापित रहेको छ । मन्दिरबारे विशेष जानकारी राख्ने प्रवुद्ध वर्गले वर्षौं पहिले मोटर र विभिन्न उपकरण लगाई गुफाको जल निकाल्ने प्रयास गरे पनि ती प्रयास असफल भएकोमा नेपाली सेनाको सहयोगमा बाल्टीले नै जल निकालेर शिवलिङ्गको दर्शन गर्न थालिएको छ । केही वर्षदेखि सशस्त्र प्रहरीले समेत नेपाली सेनासँगै पालो लगाई गुफाको जल निकाल्ने गरेको छ । प्रत्येक महिनाको पहिलो सोमबार र तेस्रो सोमबार एक पटकलाई गुफाको जल निकालिने कार्य बन्द भए पनि महाशिवरात्रिको दिन दुईदेखि तीन लाख दर्शनार्थीले शिवलिङ्ग दर्शन गर्ने गरी गुफाको जल निकालिने गरिएको छ । श्रावण महिनामा यस क्षेत्रका विभिन्न शिवालयहरु झै जलेश्वरनाथ मन्दिरमा समेत श्रद्धालु भक्तजनहरुको बाक्लो भिडभाड रहने गरेको छ ।

# सुक्खाक्षेत्र घोषणा गर्ने तर राहत प्याकेज नल्याउने- सरकारको नालायकीपनः साह

**जलेश्वरटुडे समाचारदाता**
**बारा, १८ श्रावण**

आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकारले मधेसलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने तर राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन भएको टिप्पणी गरेका छन्।




बाराको कलैयास्थित उद्योग वाणिज्य संघको सभाहलमा आजपाद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले राहत प्याकेज बिना सुक्खाक्षेत्र घोषणाले पीडितलाई झन् पीडित बनाएको बताए। मधेसमा जलसंकट देखिएपछि सरकारले मधेसका आठ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। तर सरकारले अहिलेसम्म राहतको कुनै प्याकेज ल्याउन नसकेको उनको भनाइ थियो । 'मधेसमा जलसंकटले सर्वसधारणदेखि किसानसम्म मर्कामा परेका छन्, समस्यामा छन्। सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु त ठिकै हो। तर के सरकारको काम केवल संकटग्रस्त घोषणामात्रै हो ? के सरकारले पिडामा रहेका ति मान्छेका लागि कुनै राहतको प्याकेज ल्याउनु हुँदैन ? राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन हो,' आजपा अध्यक्ष साहले भने । साहले पीडितलाई तत्काल राहत प्याकेज सहित दीर्घकालीन रूपमा पानीको समस्या समाधानमा सरकार लाग्नुपर्ने ध्यानाकर्षण गराए। आजपा बाराका अध्यक्ष राजकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा आजपा केन्द्रीय कार्यालयका सदस्यहरु अशोक लामा, त्रिभुवन साह, उमेश कुश्वाहा लगायतको विशेष सहभागिता रहेको थियो । उनीहरूले जलसंकट भएर जिल्लाका किसानदेखि सर्वसाधारण नागरिकले दुख पाइरहेको जनाएका छन्।

# सिधै खरिद गर्न सङ्कलन केन्द्र सञ्चालनमा ल्याउने तयारी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ श्रावण**

धनुषाको ढल्केबरमा किसानले उत्पादन गरेको कृषि उपज सिधै खरिद गर्न सङ्कलन केन्द्र सञ्चालनमा ल्याउने तयारी भएको छ । राष्ट्रिय कृषि कम्पनी नेपाल



लिमिटेडले सो सङ्कलन केन्द्र सञ्चालनमा ल्याउन लागिएको हो। ढल्केबरमा कम्पनीद्वारा आयोजित नेपालको कृषि रुपान्तरण विषयक एकदिने अन्तरक्रिया तथा छलफल कार्यक्रममा कम्पनीका अध्यक्ष विशाल हुमागाईंले ढल्केबरमा कृषि उपज सङ्कलन केन्द्र निर्माणका लागि सम्भाव्यता अध्ययन अघि बढाएको बताउनुभयो ।

उहाँले किसानको उत्पादनले उचित मूल्य पाउने बताउँदै किसानलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने जानकारी दिनुभयो । अध्यक्ष हुमागाईले उपभोक्ताको भान्सामा पर्ने खर्च कम गर्न उपज खरिदमा विशेष छुट तथा सहुलियतको व्यवस्था पनि गरिने बताउनुभयो । उहाँले भन्नुभयो, “ढल्केबर र आसपासका ठाउँ कृषि उत्पादनका लागि प्रख्यात छ। तर उत्पादनले उचित मूल्य र बजार नपाउँदा किसान मर्कामा पर्ने गरेका छन्।” उहाँले सङ्कलन केन्द्र स्थापनाले किसानको यो समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा कम्पनीका बजार प्रबन्धक अजयकुमार सिंहले समग्र कृषि क्षेत्रको रुपान्तरणका लागि कम्पनीले निरन्तर प्रयास गरिरहेको बताउनुभयो।





अनुरोधकर्ता
पिपरा गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: विचार गरेर बोल्नुहोला
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा


बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रुसी नेताको भनाइपछि ट्रम्पले गरे आणविक पनडुब्बी तैनाथ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवको उत्तेजक टिप्पणीका कारण दुईवटा आणविक पनडुब्बी तैनाथ गर्ने आदेश दिएका छन्। ट्रम्पले शुक्रबार मेदभेदेवको भनाइलाई 'मूर्खतापूर्ण र भड्काउ' भन्दै यो कदमका लागि उनी जिम्मेवार रहेको बताए।

कुनै समय उदारवादी नेताका रूपमा हेरिने मेदभेदेव युक्रेनमाथि रुसले आक्रमण गरेपछि कट्टरपन्थी पश्चिमाविरोधी बनेका छन्। सन् २००८ देखि २०१२ सम्म राष्ट्रपति रहेका मेदभेदेव पुटिनलाई सत्ता हस्तान्तरण गरेपछि



ओझेलमा परेका थिए। सन् २०२० मा रुसको सुरक्षा परिषद्को उपप्रमुख बनेपछि र युक्रेन युद्ध सुरु भएपछि भने उनी सामाजिक सञ्जालमा पश्चिमाहरूलाई 'हरामी र पतित' जस्ता शब्द प्रयोग गर्दै आक्रामक रूपमा प्रस्तुत हुन थालेका छन्।

उनले रुसका शत्रुविरुद्ध आणविक हतियार प्रयोग गर्ने सम्भावना रहेको भन्दै युरोपलाई तर्साउने काम पनि गरेका छन्। गत जुनमा अमेरिकाले इरानको आणविक केन्द्रमा हवाई आक्रमण गरेपछि मेदभेदेवले तेहरानलाई आणविक हतियार उपलब्ध गराउन 'धेरै देश' इच्छुक रहेको बताएका थिए।

मेदभेदेवले बिहीबार टेलिग्राममा एउटा पोस्ट गर्दै अमेरिकाको आणविक हतियार नियन्त्रण प्रणालीलाई सङ्केत गर्दै ट्रम्पको आलोचना गरेका थिए। मेदभेदेवका आलोचकहरूले यसलाई रुसी राजनीतिक वृत्तमा आफ्नो सान्दर्भिकता कायम राख्ने प्रयासको रूपमा लिएका थिए। तर, ट्रम्पले यस धम्कीलाई गम्भीरतापूर्वक लिँदै आणविक पनडुब्बी तैनाथ गर्ने निर्णय गरे।

# आजका लागि विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण

नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३९ रुपैयाँ ७७ पैसा र बिक्रीदर १४० रुपैयाँ ३७ पैसा निर्धारण गरिएको छ।



युरोपियन युरो एकको खरिददर १५९ रुपैयाँ ५१ पैसा र बिक्रीदर १६० रुपैयाँ २० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८४ रुपैयाँ ०२ पैसा र बिक्रीदर १८४ रुपैयाँ ८१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७१ रुपैयाँ २८ पैसा र बिक्रीदर १७२ रुपैयाँ ०१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ८८ पैसा र बिक्रीदर ९० रुपैयाँ २६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ७७ पैसा र बिक्रीदर १०१ रुपैयाँ २० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ६७ पैसा र बिक्रीदर १०८ रुपैयाँ १३ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३० पैसा र बिक्रीदर नौ रुपैयाँ ३४ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ३८ पैसा र बिक्रीदर १९ रुपैयाँ ४६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ २६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३४ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५१ पैसा कायम भएको छ।

# सञ्जय लीला भन्सालीको फिल्मबाट बलिउडमा कमब्याक गर्दै प्रियङ्का

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण



बलिउडकी 'देसी गर्ल' प्रियङ्का चोपडाले विगतमा आफ्नो कठोर परिश्रम र ट्यालेन्टको माध्यमबाट बलिउडमा छुट्टै पहिचान बनाइन्। एक समय यस्तो पनि थियो, बलिउडमा लगातार सुपरहिट फिल्महरू दिएर प्रियङ्काले दर्शकहरूको मन जितेकी थिइन्।

तर बिस्तारै उनी बलिउडबाट टाढिइन् र हलिउड गइन्। भारतीय सञ्चार माध्यममा आएका पछिल्ला केही समाचार अनुसार करीब ६ वर्षपछि अब भने प्रियङ्का बलिउडमा प्रवेश गर्दैछिन्। एक पटक फेरि उनले संजय लीला भन्सालीसँग काम गर्न लागेकी छिन्। प्रियङ्काले हालै सामाजिक सञ्जालमा फिल्म 'राम-लीला'को चर्चित गीत 'राम चाहे लीला'को आइटम गीतसँग सम्बन्धित केही मेमोरी शेयर गरेकी थिइन्। यो पोस्ट हेरेपछि उनका फ्यानहरूले प्रियङ्का फेरि बलिउडमा फर्किन लागेकी हुन् कि भन्ने सोच्न लागेका छन्। 'हिन्दुस्तान टाइम्स'को खबरअनुसार प्रियङ्काले संजय लीला भन्सालीको फिल्म 'लभ एण्ड वार'मा डान्स नम्बर गर्न सक्छिन्।

यद्यपि यो अझै फाइनल भने भइसकेको छैन, तर प्रियङ्काले रणवीर, आलिया र विक्की कौशलको फिल्ममा आफ्नो नृत्यको तडका थप्ने मानिएको छ। अभिनेत्रीले अन्तिम पटक संजय लीला भन्सालीसँग फिल्म 'बाजीराव मस्तानी'मा काम गरेकी थिइन्। लभ एन्ड वारमा रणवीर कपूर, आलिया भट्ट र विक्की कौशल मुख्य भूमिकामा देखिनेछन्।

फिल्म व्यापक स्तरमा निर्माण भइरहेको छ। २००३ मा बलिउड छिरेकी प्रियङ्काले 'फेशन', बर्फी', 'मेरी कोम', 'डन' र 'कमिने' जस्ता फिल्महरूमा अभिनय गरेर समीक्षक र दर्शक दुवैको मन जितेकी थिइन्।

# एबी डिभिलियर्सले भने- नेपाल अद्भुत टिम हो, अझ धेरै मौका दिइनुपर्छ


जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ श्रावण



दक्षिण अफ्रिकाका पूर्वकप्तान तथा विश्वचर्चित ब्याटर एबी डिभिलियर्सले नेपाली क्रिकेट टिमको प्रशंसा गर्दै नेपाललाई 'डरलाग्दो टिम' भन्दै चिनाएका छन्। उनले नेपाली टोलीले विगत केही वर्षमा उल्लेखनीय प्रगति गरेको र अझ बढी अन्तर्राष्ट्रिय अवसर पाएमा थप सशक्त हुने बताएका छन्।

'उनीहरू एक अद्भुत टिम हुन्। धेरै टाढासम्म आइपुगेका छन्। अहिलेको अवस्थामा नेपाल निकै खतरनाक क्रिकेट टिम हो' डिभिलियर्सले भारतीय पत्रकार शुभांकर मिश्रसँगको अन्तरवार्तामा भने, 'अब उनीहरूमा स्थायित्व ल्याउनुपर्ने जरुरी छ, त्यसका लागि धेरै खेल्न पाउनु जरुरी छ।' डिभिलियर्सलाई सन् २०२४ को टी-२० विश्वकपमा नेपालले दक्षिण अफ्रिकाविरुद्ध जितको निकै नजिक पुगेर १ रनको हार बेहोरेको प्रसंगमा उक्त प्रश्न सोधिएको थियो। डिभिलियर्सले नेपालजस्ता टिमहरूलाई अन्तर्राष्ट्रिय स्तरमा थप अवसर उपलब्ध गराउन विश्व क्रिकेटका विभिन्न सरोकारवालाहरूलाई आग्रह गरे। 'यस्ता टिमलाई अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने मौका दिन जिम्मेवारी आयोजकहरूको पनि हो' उनले जोड दिए। केही वर्षअघि एभरेष्ट प्रिमियर लिग (ईपीएल) खेल्न उनी आउने चर्चाबारे डिभिलियर्ससँग प्रश्न गरिएको थियो, जहाँ उनले विगतमा निमन्त्रणा आएको तर समय तालिका नमिलेको बताए। 'हो, मलाई भनिएको थियो, तर त्यतिबेला मेरो तालिकामा मेल खाएन।



# आणविक ऊर्जा र जलवायु सम्मेलन



'कप ३०' आणविक ऊर्जा तीव्र पार्न केन्द्रित हुने अपेक्षा छ। आणविक ऊर्जा क्षमता नभएका नेपाल जस्ता देशहरूले अन्य स्वच्छ ऊर्जा स्रोतमा लगानी र समर्थनका लागि वकालत गर्न सक्छन्। युद्ध र वातावरणका सबै बिन्दुहरू जोड्दै आणविक निःशस्त्रीकरणमा जोड दिन सक्छन्। आणविक हतियार र जलवायु परिवर्तन 'मानव सुरक्षा' विरुद्ध मानवद्वारा नै निर्मित दुई गम्भीर खतरा हुन्। 'आणविक ऊर्जाको सैन्य प्रयोग' का विरुद्ध संयुक्त राष्ट्रसंघले १९५४ मा 'शान्तिका लागि परमाणु' प्रस्ताव पारित गरेको थियो। राष्ट्रसंघले आणविक ऊर्जाको सुरक्षित र शान्तिपूर्ण प्रयोगलाई प्रवर्द्धन गर्न १९५७ मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी स्थापना गरेको थियो।

आणविक ऊर्जालाई स्वच्छ ऊर्जा स्वीकार गरिए पनि यसलाई तीव्र बनाउने तरिकाहरू हालसम्म यकिन गरिएका छैनन्। त्यसैले परम्परागत युद्ध, आणविक ऊर्जालगायत आणविक हतियार र जलवायु विनाशबीचको अन्तरवस्तुलाई आगामी जलवायु परिवर्तन सम्मेलनमा उठाउन उपयुक्त हुन्छ भन्ने विषयमा यो लेख केन्द्रित छ। संयुक्त राष्ट्र जलवायु परिवर्तन महासन्धि (१९९२) पक्ष-राष्ट्रहरूको नियमित वार्षिक बैठक (संक्षिप्त नाम 'कप' बैठक) हुन्छ। कप बैठकको प्रमुख लक्ष्य 'विश्वव्यापी औसत तापक्रममा भएको वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियसभन्दा कम राख्नु' र तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रयास अगाडि बढाउनु हो। त्यसका लागि जीवाष्म इन्धन (फोसिल फ्युल) ऊर्जालाई स्वच्छ ऊर्जाले प्रतिस्थापन गर्न आवश्यक हुन्छ।

नेपालका छिमेकी चीन र भारत दुवै आणविक ऊर्जा र आणविक हतियारहरू भएका राष्ट्र हुन्। नेपाल जस्ता स्वच्छ जलविद्युत् ऊर्जा स्रोत भएका मुलुकले आणविक ऊर्जा आफैं उत्पादन गर्न नसक्ने भए पनि त्यससम्बन्धी बृहत् रणनीतिको हिस्सा हुन नीति तय गर्नुपर्छ। आणविक ऊर्जालाई 'ग्रिड' मार्फत जलविद्युत्सँग एकीकृत गर्न सकिन्छ। हाल प्रतिवर्ष मानव-उत्सर्जन हरितगृह ग्यास लगभग ५२ अर्ब टन छ। आईपीसीसीका अनुसार, २०१९ को उत्सर्जनलाई आधार मानी २०३० सम्ममा त्यो ४३ प्रतिशतले घट्नुपर्छ। तर प्रतिवर्ष उत्सर्जन घट्नुको सट्टा वृद्धि भइरहेछ। त्यसकारण 'कप २८ दुबई' घोषणाले २०५० सम्ममा विश्वव्यापी आणविक ऊर्जा क्षमतालाई तीन गुणा बढाउने घोषणा गरिएको थियो। यसको उद्देश्य विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित गर्न आणविक ऊर्जा क्षमता बढाउनु हो। 'कप २९ बाकु' ले भविष्यमा आणविक ऊर्जा तीव्र बनाउने तरिका खोज्नेछ भन्ने उल्लेख गरिएको छ।

हाल युद्धको समयमा हुने सैन्य उत्सर्जन र जलवायु परिवर्तनका विविध स्रोतहरू बीचको अन्तरसम्बन्धलाई सम्बोधन गर्न प्रयास भइरहेका छन्। ब्राजिलमा हुने आगामी ३० औं कप बैठक वा सो उप्रान्त 'न्युउक्लेर नन-प्रोलिफिरेसन ट्रिटी' १९६८ (एनटीपी) बारेमा पनि गहन छलफल गर्न उपयुक्त हुनेछ। किनभने एनटीपी बहुपक्षीय बाध्यकारी सम्झौता हो। यसका मुख्य लक्ष्यहरू आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोग र प्रवर्द्धन गर्ने, आणविक हतियारको वृद्धि-प्रसार रोक्ने र आणविक हतियार भएका राष्ट्रहरूद्वारा निःशस्त्रीकरणको लक्ष्य प्राप्त गर्ने हुन्। एनटीपी १९७० मा लागू भयो र १९९५ मा अनिश्चितकालसम्म लागू हुने भनी विस्तार गरियो। एनटीपीमाथि छलफल किन जरुरी ? हाल नौ आणविक हतियारहरूले सज्जित देशहरूमध्ये पाँच (चीन, फ्रान्स, रुस, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका) सहित कुल १९१ राष्ट्रहरू एनटीपीमा सामेल भएका छन्। भारत, पाकिस्तान, इजरायल र उत्तर कोरिया एनटीपी पक्ष भएका छैनन्। न त आणविक निःशस्त्रीकरण गरिएको छ, न त आणविक हतियारको प्रसार रोकिएको छ। हाल केहीलाई मात्र आणविक हतियार राख्ने अधिकार छ भने अरूलाई आणविक हतियार निर्माण गर्छ भन्ने शंकाका आधारमा आक्रमण भइरहेको छ। अरू धेरैसँग शान्तिपूर्ण उद्देश्यका लागि आणविक ऊर्जा निर्माण गर्ने क्षमता छैन। एनटीपीको यो स्थिति अन्तर्राष्ट्रिय कानुनको सबैभन्दा ठूलो मजाक हो। आणविक हतियार भएका राष्ट्रहरूले हरेक अन्तर्राष्ट्रिय मुद्दालाई नियन्त्रण गर्छन्। यस्तो परिस्थितिमा आणविक हतियार नभएका राष्ट्रहरूले आफ्नो आत्मनिर्णय गर्ने सार्वभौमसत्ता गुमाउँदै छन्

आणविक हतियार भएका राष्ट्रहरूले हरेक अन्तर्राष्ट्रिय मुद्दालाई नियन्त्रण गर्छन्। यस्तो परिस्थितिमा आणविक हतियार नभएका राष्ट्रहरूले आफ्नो आत्मनिर्णय गर्ने सार्वभौमसत्ता गुमाउँदै छन्। आगामी कप सम्मेलनहरूमा आणविक शक्तिको आधिपत्यविरुद्ध सक्रिय र एकजुट हुनुपर्ने बाध्यता देखिन्छ। विशेषगरी आणविक हतियारको महत्त्वाकांक्षा नभएका तर शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्न चाहने मुलुकहरू, नगण्य कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनको प्रभावबाट गम्भीर रूपमा प्रभावित मुलुकहरू र शान्तिको वकालत गर्ने नेपाल जस्ता मुलुकहरूले जलवायु वार्तामा शान्ति र सुरक्षाबारेमा नयाँ दृष्टिकोण अपनाउनुपर्ने देखिन्छ। यो अति आवश्यक छ। किनभने एकतर्फ, आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगबाट कार्बन उत्सर्जन घटाउन र जलवायु परिवर्तनको प्रभावसँग जुध्न आवश्यक हुँदै गइरहेको छ। अर्कोतर्फ, एनटीपीको बढ्दो रूपमा दुरुपयोग भइरहेको छ। यसैबीच आणविक निःशस्त्रीकरणका आवाजहरू मौन हुँदै गइरहेका छन्। सैन्य शक्ति देशका नेताहरूले आणविक हतियारहरू आवश्यक मान्छन्। संयुक्त राज्य अमेरिका, रुस, फ्रान्स, चीन, बेलायत, पाकिस्तान, भारत, इजरायल र उत्तर कोरिया त्यसअन्तर्गत पर्छन्। यी मुलुकहरू जलवायु परिवर्तन 'मानव सुरक्षा' का लागि खतरा हो भनी सोच्दैनन्।

साभार : कान्तिपुर।





अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस्।



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
जलेश्वर प्रादेशिक अस्पताल
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday